नेपाल सरकार
अर्थ मन्त्रालय
भन्सार विभाग

# वीरगञ्ज भन्सार कार्यालय

वीरगञ्ज म.न.पा.-१६ ईनर्वा
पर्सा, नेपाल

## भन्सार ऐन, २०८२ को दफा ९२ को उपदफा (२) तथा भन्सार नियमावली, २०८३ को नियम ८७(२) बमोजिम यस कार्यालयवाट सिलबन्दी बोलपत्रद्धारा हिरा जडित सुनका गरगहनाहरु लिलाम बिक्री गर्ने बारेको १५ (पन्ध्र) दिने सूचना।

**(सूचना प्रकाशित मिति २०८३।०६।०६)**

यस कार्यालयमा विभिन्न मितिमा भन्सार छली चोरी निकासी/पैठारी अभियोगमा दाखिला भएका देहाय बमोजिमका मुद्दाहरुमा रहेका मालवस्तुहरु सूचना नम्बर अनुसार एकमुष्ट रुपमा जे जस्तो अवस्थामा छन, सोही अवस्थामा सिलवन्दी बोलपत्रद्धारा लिलाम विक्री गरिने भएकोले इच्छुक फर्म तथा संस्थाले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र निम्न लिखित सर्तहरुको अधिनमा रहने गरी गोप्य सिलवन्दी बोलपत्र पेश गर्ने गरी यो सार्वजनिक सूचना आव्हान गरिएको छ। आफुले कवोल गरेको रकमको १०% ले हुने रकम एभरेष्ट बैंक लि. भन्सार एरिया वीरगञ्ज शाखामा रहेको यस कार्यालयको धरौटी खाता नम्वर ०१५००१०५२०००६८ मा जम्मा गरी सोको एक प्रति सक्कल बैंक भौचर बोलपत्र साथ पेश गर्नुपर्ने छ। साथै यो सूचना यस कार्यालयको वेब साइट birgunj.customs.gov.np तथा भन्सार विभागको वेब साइट www.customs.gov.np मा हेर्न सकिने छ। अन्य व्यहोरा वुझ्नु पर्ने भएमा कार्यालय समय भित्र यस कार्यालयको मुद्दा शाखामा आई बुझ्न सकिने छ।

<u>तपसिल</u>

| सूचना नम्वर | मुद्दा नं. | मुद्दा दायरी मिति | गोदाम सि.नं. | मालवस्तुको विवरण | न्यूनतम मूल्य रु | बोलपत्र दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १२ | ९९८ | २०८१।११।२६ | ९३१ | हिरा जडित सुनको बाला १० थान,हिरा जडित सुनको ब्रास्लेट १ थान,सुनको नेक्लेसको सिक्री ९ थान,हिरा जडित सुनको औंठी ४ थान,हिरा जडित सुनको मंगलसुत्र ४ थान,हिरा जडित सुनको लकेट ६ थान,हिरा जडित सुनको टप १८ थान,हिरा जडित सुनको नेकलेश सेट ९ थान,हिरा जडित सुनको नेकलेश २ थान,हिरा जडित सुनको झुम्का ६ थान(सुनको जम्मा तौल ४२३ ग्राम शुद्धता ५८.३३ प्रतिशत शुद्ध तौल २४६.७३ ग्राम,हिराको तौल ७०.३७CT ) | ८४२७१७१ | २००० | |

<u>सिलवन्दी बोलपत्र फारम सम्बन्धी सर्तहरुः-</u>

१. बोलपत्र फाराम तोकिएको दस्तुर तिरी (पछि फिर्ता नहुने गरी) यस कार्यालयको मुद्दा शाखा/आर्थिक प्रशासन शाखाबाट सूचना प्रकाशित भएको मितिले १५ औं दिनसम्म कार्यालय समयभित्र(सो दिन सार्वजनिक विदा परेमा लगत्तै कार्यालय खुलेको दिन) खरिद गर्न सकिनेछ। साथै बोलपत्र खरिद गर्दा अवस्थामा फर्म/कम्पनी/संघ/संस्थाले आयकर, मू.अ.कर दर्ता प्रमाणपत्र र नियमानुसार कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपी साथै छुट्टै ईजाजतपत्र चाहिने बस्तुहरुको हकमा सोको प्रतिलिपी स्वयम् प्रमाणित गरी पेश गर्नुपर्नेछ। यस सूचनामा उल्लेखित वस्तुको हकमा सुन चाँदी, हिरा तथा आभुषण(गहना) को कारोवार गर्न इजाजतपत्र प्राप्त भएका फर्म/कम्पनी/संघ/संस्थाले मात्र बोलपत्र खरिद गर्न सक्नेछन। बोलपत्र खरिद गर्दाको अवस्थामा कागजात पेश गरेका वोलपत्रदाताले शर्त नं. ६ बमोजिम पुनः कागजातहरु पेश गर्न अनिवार्य हुने छैन।

२. आफूले कबोल गरेको रकम अंक र अक्षरमा खुल्नेगरी स्पष्ट रुपमा नेपाली भाषामा उल्लेख गर्नुपर्नेछ। सच्याईएको वा केरमेट गरेमा सो स्थानमा बोलपत्रदाताको दस्तखत हुनुपर्नेछ। साथै अंक र अक्षरमा फरक परेको हकमा अक्षरलाई मान्यता दिइनेछ। कुनैपनि शर्त राखी पेश भएको बोलपत्र मान्य हुने छैन।

३. बोलपत्र फाराम पेश गर्दा सो बोलपत्र खामभित्र राखी खाममा सिलछाप समेत लगाई पेश गर्नु पर्नेछ।

४. बोलपत्र फाराम भएको खाम बाहिर बोलपत्र सुचना नं. र वोलपत्रदाताको नाम ठेगाना लगाएतको विवरण उल्लेख गर्नुपर्नेछ।



फोन नं.०५१-५२२९२०, ५२२२२० फ्याक्स नं.०५१-५२५७००, E-Mail:birgunj@customs.gov.np, Webpage: https://birgunj.customs.gov.np

५. बोलपत्रदाताले जसको नाममा बोलपत्र फाराम खरिद गरेको छ सोही नामबाट बोलपत्र पेश गर्नुपर्नेछ। यस कार्यालयबाट बिक्री गरिएको सक्कल बोलपत्र फाराममा मात्र बोलपत्र भर्नुपर्नेछ।

६. बोलपत्र फारामसाथ फर्म/कम्पनी/संघ/संस्थाले आयकर, मू.अ.कर दर्ता प्रमाणपत्र र सुन चाँदी, हिरा तथा आभुषण(गहना) को कारोवार गर्न प्राप्त इजाजतपत्रको प्रतिलिपि संलग्न हुनुपर्नेछ। कार्यालयले सक्कल कागजात हेर्न खोजेमा सो को सक्कल प्रति पेश गर्नु पर्नेछ।

७. खरिद गरिएका बोलपत्र सूचना प्रकाशित भएको मितिले १६ औं दिनको अपरान्ह १२:०० बजेसम्म यस कार्यालयको मुद्दा शाखा/लेखा शाखामा(सो दिन सार्वजनिक विदा परेमा लगत्तै कार्यालय खुलेको दिन) मा दर्ता गरिसक्नुपर्नेछ। दर्ता भएको बोलपत्रहरु सोहि दिन दिउसो १५:०० बजे बोलपत्रदाता र अन्य कार्यालयका प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा बोलपत्र खोलिनेछ। निर्धारित समयमा बोलपत्रदाता अनुपस्थित भएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन। उक्त दिन सार्वजनिक विदा परेमा कार्यालय खुलेको दिन सोही समयमा बोलपत्र खोलिनेछ।

८. नेपाल सरकारको हितलाई ध्यानमा राखी नियमानुसार बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहीत रहनेछ।

९. बोलपत्र स्वीकृत भएको मितिले ७ दिनभित्र आफूले कबोल गरेको मालवस्तुको मूल्य र सोमा प्रचलित नियमानुसार लाग्ने कर (आयकर,मु.अ.कर, लगाएत नियमानुसार लाग्ने सम्पुर्ण कर) रकम समेत बुझाई उठाई लैजानु पर्नेछ। बोलपत्र स्वीकृत भएको जानकारी यस कार्यालयको सूचना पाटीमा सूचना प्रकाशित गरी जानकारी गराईनेछ। साथै यस कार्यालयको वेब साइट birgunj.customs.gov.np तथा भन्सार विभागको वेब साइट www.customs.gov.np मा समेत हेर्न सकिनेछ।

१०. कबोल गरेको सबैभन्दा बढी अंक स्वीकृत भएपछि कबोल गर्नेले ७ दिन भित्र आफूले कबोल गरेको रकम र सोमा लाग्ने सम्पूर्ण कर समेत बुझाई मालवस्तु उठाई नलगेमा न्यूनतम मूल्यभन्दा बढी कबोल गर्ने क्रमशः दोश्रो, तेश्रो र चौथो घटिवालाको कबोल अंक स्वीकृत गरिनेछ र बोलपत्र कबोल गरी म्याद भित्र सामान नउठाउने बोलपत्रदाताको धरौटी रकम जफत गरी पुनः लिलामको कारवाही अगाडी बढाईनेछ।

११. इच्छुक व्यक्तिले मालवस्तु हेर्न चाहेमा बोलपत्र सूचना प्रकासित भएको मितिले १० औं र ११ औं दिन कार्यालय समयमा यस कार्यालयको मुद्दा शाखामा सम्पर्क गरी हेर्न तथा बुझ्न सकिनेछ।

१२. यसमा उल्लेख भए बाहेक अन्य विषयहरु प्रचलित नेपाल ऐन, कानुन बमोजिम हुनेछ।

२०८३।६।६
भन्सार अधिकृत



फोन नं.०५१-५२२९२०, ५२२२२० फ्याक्स नं.०५१-५२५७००, E-Mail:birgunj@customs.gov.np, Webpage: https://birgunj.customs.gov.np